**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *सेतो धरती* उपन्यासमा वैराग्यचिन्तन

**रत्नलाल कण्डेल**
*ज्योति मा.वि., हेटौंडा, मकवानपुर*

***Article History :*** *Received : 14, Feb. 2026; Reviewed : 16th May, 2026; Accepted : 6th June 2026*
***Corresponding Author :*** *Ratna Lal Kandel* ***E-mail :*** *emalaeducationcenter1@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95918*

**सारसङ्क्षेप**

*'सेतो धरती' उपन्यासका रचयिता उपन्यासकार अमर न्यौपाने हुन् । जो आधुनिक नेपाली आख्यान क्षेत्रका सशक्त आख्यानकार हुन् । न्यौपानेका 'सेतो धरती' उपन्यास लगायत अन्य उपन्यासहरू, कथा संग्रह र फुटकर रचनाहरू पनि प्रकाशित रहेका छन् । देवघाट आधारभूमि रहेको सेतो धरती उपन्यासमा पौरस्त्य दर्शनअन्तर्गत वेदान्त दर्शनको प्रधानता पाइन्छ । वेदान्त दर्शनमा पनि ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः अर्थात् जगत् असत्य हो र ब्रह्म नै सत्य हो भन्ने आद्यजगत्गुरु शंकरवचनलाई मूल मन्त्र मान्ने यस उपन्यासका पात्रमा वैराग्यको भाव परिपाक भएको छ । वैराग्य चिन्तन अन्य पौरस्त्य दर्शनहरूमा भेटिने भएतापनि वेदान्त दर्शनमा वैराग्य एउटा महत्त्वपूर्ण र सशक्त पक्ष हो ।वैराग्यले सांसारिक वस्तुहरूमा आसक्ति रहित हुनुको आवश्यकता र आत्मज्ञान प्राप्तिको मार्गमा प्रवृत्त गराउँछ । यस आलेखमा पौरस्त्य दर्शन र विशेष गरेर वेदान्त दर्शनलाई आधार बनाएर विश्लेषणात्मक शैलीमा वैराग्यका सूचकहरू संसारिक वस्तुहरूप्रति कम ध्यान, आत्मिक शान्ति र सन्तोष, मोह र ममता कम, साधना र ध्यानमा लगाव, सामाजिक र भौतिक इच्छाहरूबाट मुक्ति, संसारिक चिन्ता र तनावबाट मुक्ति, शरीर र मनको नियन्त्रण, अन्तरात्मा र परमात्मासँगको सम्बन्ध, सत्य र नैतिकताको पालन, संसारिक भोगहरूको अस्थिरताका आधारमा सेतो धरती उपन्यासमा प्रयुक्त वैराग्यको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी**: अन्तःकरण, आर्षपरम्परा, दृष्टिगोचर, प्रतिषेध, विराग, सच्चिदानन्दस्वरूप, सौत्रान्तिक ।

## विषयपरिचय

*सेतो धरती* उपन्यासकार अमर न्यौपानेको दोस्रो उपन्यास हो । वि.सं. २०३४ मा चितवन जिल्लामा पिता एकनाथ न्यौपाने र माता हरिमाया न्यौपानेका दोस्रो सन्तानका रूपमा जन्मेका न्यौपानेको पहिलो कृति *पानीको घाम* नामक उपन्यास वि.सं. २०६६ मा प्रकाशित भएको हो । यस कृतिले २०६६ सालको पद्मश्री साहित्य सम्मान प्राप्त गरेपछि उनी नेपाली साहित्य जगत्मा चिनिएका हुन् । उनको अर्को उपन्यास *सेतो धरती*ले वि.सं. २०६८ सालको मदन पुरस्कार प्राप्त गरेको छ। *करोडौं कस्तूरी* (वि.सं. २०७२) *गुलाबी उमेर* (वि.सं. २०७६) यिनका अन्य उपन्यास हुन् । उपन्यासकार न्यौपानले बालसाहित्यमा समेत कलम चालाएका छन् । उनको सर्वाधिक सफल कृतिका रूपमा *सेतो धरती* उपन्यास देखिएको छ । प्रस्तुत उपन्यासमा नारीविरोधी परिस्थितिप्रति पीडितहरूमा मुखर हुँदै आएको तीव्र असन्तोष, बेचैनी र विद्रोही स्वर प्रकट गर्दै वैयक्तिक स्वतन्त्रतासहितको स्वअस्तित्वपूर्ण, जीवनवादी, मानवतावादी र उन्मुक्त नारीवादी स्वरलाई नै उपन्यासको जीवनदृष्टिका रूपमा प्रस्तुत गरिएको पाइन्छ । गहन विषयलाई सरल र साहित्यिक शैलीमा प्रस्तुत गर्नु न्यौपानेको औपन्यासिक वैशिष्ट्य हो ।

*Copyright 2026© the Author(s)*

बालविधवाको कहालीलाग्दो जीवन, पितृसत्तात्मक समाज र जीवनप्रति प्रवृत्ति र निवृत्तिको तुलनात्मक परिवेशले सेतो धरती उपन्यास लोकप्रिय बन्न पुगेको छ। 'आमाको आकाशबाट धरतीमा झरेको तारा' शीर्षकबाट सुरुभएको उपन्यासमा उपन्यासकी प्रमुख पात्र ताराको जीवन बताइएको छ। आमाको आकाशबाट धरतीमा झरेको तारा, ठूलो संसारमा निर्गत उडान, आदि जम्मा ६८ वटा उपशीर्षक रहेका छन्। एउटा नारीले तत्कालीन समयमा भोग्नु परेको पीडालाई यस उपन्यासमा ताराको माध्यमबाट कथानक अघि बढेको छ। सात वर्षका उमेरमा विवाह हुन्छ। विवाहपछि पढ्न बनारस गएको ताराको पति औलोको ज्वरो सहन नसकी तारालाई विधवा बनाउँछ। सात वर्षका उमेरमा विवाह र नौ वर्षका उमेरमा विधवा भएकी एक नारीको जीवन यस उपन्यासले देखाएको छ। विवाह भनेको के हो र विधवा भनेको के हो राम्ररी थाहा नपाए पनि सामाजिक परिबन्धका कारण ताराले उक्त जीवन व्यहोर्नु परेको छ। लोग्ने मरेपछि शोक भन्दा जन्मघर फर्किन पाइने, बालसखा गोविन्दसँग फेरि भेट हुने र फेरि पुरानै जीवन व्यतीत गर्न पाइने आशा लागेको छ। विधवा भएको एक वर्षसम्म जन्मघर जान नहुने सामाजिक रीतले उसको अवस्था जटिल बनेको छ। सासूको अनपेक्षित यातनाका कारण कलिलो उमेरमै आहत बन्न परेको छ। जन्मघर गए पनि पहिले जस्तो नभएको र फेरि सुत्केरी सासूको सेवामा आउनु परेको छ। सासूको उत्पीडनबाट मुक्त हुन जन्मघर आउँदा आमाको मृत्यु भएको र नौ महिने र सात वर्षे भाइहरूलाई हुर्काउनु परेको छ। आमा मरेको तीन वर्ष नहुदै ४४ वर्षका बाबुले ११ वर्षे बालिका बिहे गरेका छन्। बालिका आमाबाबुसँग भन्दा आफ्नो उमेरको सौतेनी छोरोसँग नजिक हुन थालेको देखेर ताराले भाइको बिहे अरूसँग गराइदिन्छे। दोस्री आमाबाट जन्मेको छोरो अरूले बाबुकै ठाने पनि ताराले भाइको सम्बन्ध ठानेको देखिन्छ। सौतेनी आमासँग बस्न नसक्ने अवस्था सिर्जना भएपछि ताराको यात्रा देवघाटको लागि तय हुन्छ। ३३ वर्षको उमेरमा देवघाट हिँडेकी तारा ७८ वर्षसम्म त्यहीँ रहेको पाइन्छ भूकम्प जाँदाको वर्ष अर्थात् १९९० देखि २०६८ साल सम्मको अवधि यस उपन्यासमा रहेको पाइन्छ। प्रस्तुत कृतिमा केही अनुसन्धानात्मक कार्य भएको देखिए पनि वैराग्य चिन्तन गरिएको भने पाइदैंन। यसअघि सेतो धरती उपान्यासमा सेतो धरती उपन्यासमा नारी जीवनको यथार्थ' ढकाल, घनश्याम (२०७१), 'सेतो धरती उपन्यासमा नारीवादी चेतनाझ, न्यौपाने, शोभा (२०७२) , सेतो धरती : सामाजिक यथार्थको प्रतिविम्बझ समालोचना, अधिकारी, केशवप्रसाद (२०७३), 'नेपाली उपन्यासमा वैराग्य चेतना , गौतम, कृष्ण (२०७४) विषयशीर्षकमा अध्ययनमा भए पनि सेतो धरती उपन्यासलाई विषयवस्तु बनाएर वैराग्यचिन्तनका आधारमा अध्ययन नभएकाले सेतो धरती उपन्यासमा वैराग्य चिन्तन अनुसन्धान आवश्यक छ। प्रस्तुत कृतिका पात्र वा आलम्बन वितरागी देवघाटका माईआमाहरू तारा आमा शीतलाआमा, जमुना आमा , रेग्मीआमा ,दाहालआमा, गङ्गाआमा, सरस्वतीआमा, सीताआमा र सेतीआमालगायतका आमालाई आलम्बन बनाई लेखिएको उपन्यासका यिनै पात्रका माध्यममबाट यस आलेखमा वैराग्यको खोजी गरिएको छ।

**शोधविधि**

प्रस्तुत आलेख *सेतो धरती* उपन्यासमा वेदान्तको दर्शनको वैराग्य चिन्तन अध्ययनमा केन्द्रित रहेको हुनाले यसमा सङ्कलित सामग्रीका अध्ययनमा विशेषतः विश्लेषणात्मक र वर्णनात्मक विधिको उपयोग गरिएको छ। यस आलेखको प्रतिवेदन लेखनमा एपिए (सम्पादन शैली)पद्धतिको अनुशरण गरी उपलब्ध सामग्रीको व्याख्या र विश्लेषण गरिएको छ।

**दर्शनको परिचय**

'दर्शन' शब्द संस्कृतको मूल 'दृश्'बाट आएको हो, जसको अर्थ 'देख्नु' हुन्छ। त्यसैले 'दर्शन' को अर्थ 'जसद्वारा देख्न सकिन्छ' भन्ने हुन्छ। यहाँ हेर्नु भनेको आँखाले हेर्नु होइन। यसलाई तार्किक र अन्तरदृष्टिपूर्वक हेर्नुपर्छ। व्यापक अर्थमा "दृश्यते यथार्थ तत्त्वमनेन" अर्थात् जसद्वारा यथार्थको अनुभूति हुन्छ, त्यही दर्शन हो। उपनिषद्मा भनिएको छ "दृश्यते

हि अनेन इति दर्शनम्” अर्थात् अवास्तविक र यथार्थको ज्ञान नै दर्शन हो । भारतीय दर्शन (१९९०) । पौरस्त्य परम्परामा व्युत्पत्तिपरक अर्थलाई नियाल्दा जेद्वारा देखिन्छ या जसद्वारा देख्नका लागि दिव्य दृष्टि प्राप्त हुन्छ; त्यो नै दर्शन हो अर्थात् कुनै पनि वस्तुको सारभूत तात्त्विक स्वरूप के हो ? म को हुँ ? कहाँबाट आएको हुँ ? ईश्वर छ या छैन ? छ भने कस्तो छ? के गर्दछ ? संसारको मूल स्वरूप के हो ? संसारको उत्पत्ति, स्थिति र विनाशको कारण के हो ? चेतना भनेको के हो? अचेतना भनेको के हो ? ज्ञान के हो ? अज्ञान के हो ? दुःख के हो ? वास्तविक सुख के हो र कहाँ छ ? जन्म र मृत्यु भनेको के हो ? जसरी हामीले बाह्य पदार्थलाई जानेका छौं, त्यसरी नै स्वात्मालाई किन जान्दैनौं ? आदि अनेक प्रश्नहरूको समाधान दर्शनले गर्छ। (सुभाव चैतन्य, तत्त्वबोध,२०८० पृ.७) । मानव जीवनसँग सम्बन्धित सम्पूर्ण प्रश्नहरूको साङ्गोपाङ्ग उत्तर दिनु नै दर्शनको प्रमुख काम हो । चक्षु आदि इन्द्रियहरूद्वारा बाह्य विषयवस्तुहरूको परिचय प्राप्त गर्नु दर्शन होइन; त्यो त केवल दृश्यावलोकन हो । दर्शन दृश्यावलोकन होइन; त्यो तत्त्वावलोकन हो । यसबाट के निष्कर्ष निस्कन्छ भने दर्शन विषयहरूको स्वरूप ज्ञान हो न कि उसको परिचय । श्रीकृष्णका शब्दमा भन्नुपर्दा दर्शन एक दिव्य दृष्टि हो । (गीता, २०७०, पृ.६५) (दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम्) यो दिव्यदृष्टि जब प्राप्त हुन्छ; तब स्वतः स्वात्मानुभव हुन थाल्छ। अन्तःकरणमा कुनै नयाँ या अपरिचित ऊर्जाको आविर्भाव हुन थाल्छ। जब अन्तःकरणमा सद्विचारको शक्ति जागृत हुन्छ अनि हाम्रो हृदय आलोकले परिपूर्ण हुन्छ। दर्शन शक्तिको जब उद्‌भव हुन्छ अनि मात्रै जीवनले नयाँ स्वरूप प्राप्त गर्छ। त्यही नै जीवनको असली सुख हो; जसले गर्दा जीवन निष्कण्टक बन्छ। जुन जीवन आत्मचिन्तनका अभावमा दुःख या भार हुन्छ त्यही जीवन नै दर्शनको आलोकले आलोकित बन्यो भने दिव्य जीवन बन्छ। पाश्चात्य जगत्मा भने दर्शन शब्दका लागि अथवा विचार या चिन्तनशास्त्रका लागि फिलोसोफी शब्दको प्रयोग गरिन्छ। दुई ग्रिक फिलास र सोफिया शब्दको योगमा फिलोसोफी शब्द बन्दछ। फिलास शब्दको अर्थ प्रेम या अनुराग भन्ने हुन्छ भने सोफिया शब्दको अर्थ ज्ञान, प्रज्ञा या विद्या भन्ने हुन्छ। अतः फिलोसोफी शब्दको शब्दगत अर्थ ज्ञान, प्रज्ञा अथवा विद्याप्रति अनुराग या प्रेम भन्ने हुन्छ (मिश्र, सन् २०१२ : ७)। पौरस्त्य दर्शनहरूको प्रमुख लक्ष्य भनेको आत्मदर्शन हो । जीवन जगत्बाट माथि उठेर यसैको अनुसन्धान गर्नु नै दर्शनको मुख्य ध्येय हो। दर्शन एउटा तथ्यपरक खोज हो। सामान्यतः मानवको मन प्रतिक्षण अनेक विचारहरू, अनेक विषयको चिन्तन आदिद्वारा निरन्तर आच्छन्न भइरहने हुनाले मानिसको अन्तःकरण सधैं अशान्त हुन्छ। यो नै मानिसको आत्मानुसन्धानमा बाधक बनेको हुन्छ। यसैलाई हटाउनु या आत्ममन्थन गर्नु नै दर्शनको लक्ष्य हो ।

**दर्शनहरूको विभाजन**

पौरस्त्य दर्शनहरूको प्रतिपाद्य विषय एउटै भए पनि दर्शनहरूको सङ्ख्या अनि स्वरूपमा भने अनेक भेदहरू छन् । मूलतः प्रतिपाद्य विषय अनि सिद्धान्तहरूका आधारमा हाम्रा दर्शनहरूलाई दुई भागमा विभाजन गरिन्छ। एउटा नास्तिक दर्शन अनि अर्को आस्तिक दर्शन । ईश्वरीय सत्तालाई विश्वास गर्ने दर्शनहरूलाई आस्तिक दर्शन भनिन्छ भने ईश्वरीय सत्ताको प्रतिषेध गर्ने दर्शनहरूलाई नास्तिक दर्शन भनिन्छ तर नास्तिकता र आस्तिकताको परिभाषा यतिमा मात्रै सीमित राख्नु उपयुक्त हुँदैन । किनकि आस्तिक शब्दको निषेधात्मक रूप नास्तिक हो । मीमांसा दर्शन आस्तिक भए तापनि कर्ममा विश्वास गर्ने दर्शन हो, फलका लागि अपूर्वको कल्पना गर्ने दर्शन हो। त्यसैले ईश्वरीय सत्तालाई मीमांसा दर्शनले स्वीकार गर्दैन। यस्तै गरी साङ्ख्य दर्शनको गणना पनि आस्तिक दर्शनमा हुन्छ। यस दर्शनले पनि स्त्री-पुरुषको पारस्परिक संसर्ग नै सृष्टि सञ्चालनको मूल कारण हो भन्दै ईश्वरीय सत्तालाई अस्वीकृत गर्छ । जैन, बौद्ध एवम् चार्वाक दर्शनहरूलाई ईश्वरीय सत्ताको स्वीकार नगरेकै कारण नास्तिक दर्शनको रूपमा विवेचना गरिन्छ। शब्दशास्त्रानुसार भने ‘अस्ति परलोक इति मतिर्यस्य आस्तिकः’ अनि ‘नास्ति परलोक इति मतिर्यस्य नास्तिकः’ विग्रहबाट आस्तिक र नास्तिक शब्दको सिद्धि (पाणिनि अष्टाध्यायी सूत्र ४.४.६० अस्ति नास्ति दिष्टं मतिः इति ठक्प्रत्ययः) । यसको अर्थ यही हुन्छ- जसले परलोक अर्थात् स्वर्ग, नरक आदिको

सत्ता एवम् पुनर्जन्ममा विश्वास गर्छ, त्यो आस्तिक हो भने जसले विश्वास गर्दैन त्यो नास्तिक हो । यस अर्थलाई स्वीकार गर्दै गर्दा हामीमा नयाँ जिज्ञासाको सञ्चार हुने गर्छ। जैन र बौद्ध दर्शनले पुनर्जन्मलाई स्वीकार गर्दा पनि किन नास्तिक भए ? अनि मीमांसाले कर्ममा विश्वास गर्छ भने साङ्ख्यले ईश्वरमा कुनै पनि आस्था राख्दैन र पनि आस्तिक कसरी भयो ? वस्तुतः एउटा चार्वाक दर्शन मात्रै नास्तिक दर्शनको घेरामा अटाउँछ। त्यसैले शब्दगत व्युत्पत्ति अनि परम्परागत अर्थलाई स्वीकार गरेर आस्तिक र नास्तिक शब्दको परिभाषा गर्नुपर्छ। यस सन्दर्भमा धेरै चिन्तकहरू, विचारकहरू र विज्ञहरूले अनेक प्रकारका चर्चा-परिचर्चाहरू गरेका छन्। दार्शनिक दृष्टिले हेर्दा आस्तिक र नास्तिक यी दुवै शब्द लाक्षणिक हुन् त्यसैले यी दुवै शब्दका कुनै पारिभाषिक अर्थलाई ग्रहण गर्नुपर्ने हुन्छ। पौरस्त्य आर्षपरम्परामा वेद हाम्रो धर्म, संस्कृति, सभ्यता अनि आध्यात्मिक जीवनको स्तम्भ हो। वेद अपौरुषेय मात्रै नभएर अलौकिक अनि अनन्त ज्ञानको अक्षुण्ण भण्डार पनि हो। वैदिक वाक्यहरू मन्त्र हुन् भने मन्त्रद्रष्टाहरू ऋषि हुन् । वेद आफैमा स्वतः प्रमाण हो । यसलाई प्रमाणित गर्न अर्को प्रमाणको आवश्यकता पर्दैन। त्यसैले जसले वैदिक मान्यताहरूलाई स्वीकार गर्छ, त्यसलाई आस्तिक भनिन्छ। जसले वेदवाक्यहरूलाई निराकरण, निषेध अनि निन्दा गर्छ, त्यो नास्तिक हो । मनुले पनि भनेका छन्- नास्तिको वेदनिन्दकः (मनुस्मृति- २.११) । यसैले जैन र बौद्ध दर्शनलाई पनि नास्तिक दर्शन भनिन्छ। यद्यपि जैन र बौद्धले चार्वाकहरू जस्तै वेदको प्रामाणिकतालाई खुले आम अस्वीकार र खण्डन गर्दैनन् र पनि प्रामाणिक रूपमा वेदलाई स्वीकार नगर्ने भएका हुनाले यिनलाई नास्तिक दर्शनको कोटिमा नै राखिन्छ। कट्टर नास्तिकका रूपमा भने चार्वाक देखिन्छ। चार्वाक दर्शन वैदिक आचारहरूको विरोध मात्रै गर्दैन अपितु व्यापक निन्दासमेत गर्छ । उनीहरूका अनुसार वेद ठग र निशाचरहरूको गन्थन हो । वेदले असत्य पदार्थहरूको निरूपण गर्छ। वेदका सबै विचार र चिन्तनहरू कपोलकल्पित हुन्। यसरी विभिन्न प्रकारले चार्वाकहरूले वेदको निन्दा गर्ने भएकाले उग्र नास्तिकका रूपमा चार्वाकहरू देखिन्छन् । (जगदीशचन्द्र मिश्र, सन् २०१२, भारतीय दर्शन)यद्यपि स्पष्ट रूपमा वेदको प्रामाणिकता स्वीकार गर्ने न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा अनि वेदान्त प्रधान रूपमा आस्तिक दर्शन हुन् भने वेदको प्रामाणिकता स्वीकार नगर्ने भएकाले चार्वाक, जैन र बौद्ध नास्तिक दर्शन हुन् । बौद्धअन्तर्गत पनि माध्यमिक, योगाचार, सौत्रान्तिक अनि वैभाषिक गरी चार भेदहरू रहेका छन्। (योगराज कण्डेल २०७८)

**पौरस्त्य दर्शनमा वैराग्य**

पौरस्त्य दर्शनमा वैराग्य एउटा महत्त्वपूर्ण चिन्तन हो। यसले सांसारिक वस्तुहरूमा आसक्ति रहित हुनुको आवश्यकता र आत्मज्ञान प्राप्तिको मार्गमा वैराग्यको भूमिका बताउँछ। विभिन्न पौरस्त्य दर्शनमा वैराग्यको चिन्तन देखिएता पनि वेदान्तमा विशेष परिचर्चा गरिएको छ।

**वेदान्त दर्शन**

वैराग्यलाई मोक्ष प्राप्तिको अनिवार्य साधन मानिन्छ। संसारका भोग, धन, प्रतिष्ठा आदि अनित्य भएकाले तिनप्रति आसक्ति त्याग्नु वैराग्य हो । 'इहामुत्रफलभोगविरागःझ (शंकराचार्य, तत्वबोधः) अर्थात्यस लोक र परलोकका फलभोगप्रति अनासक्ति। यस्तै गरेर यसका विभिन्न श्लोकहरू महत्त्वपूर्ण छन् जसले वैराग्यको महिमा र आवश्यकता प्रकट गर्छन्।

**वासांसि जीर्णानि यथा विहाय**
**नवानि गृह्णाति नरोऽपराणि।**
**तथा शरीराणि विहाय जीर्णा**
**न्यन्यानि संयाति नवानि देही।।** ( गीता २।२२ )

अर्थात्, आत्मा शाश्वत, अविनाशी र अमर हुन्छ। यो न कहिल्यै जन्मन्छ, न कहिल्यै मर्छ। भगवान् कृष्णले यो

श्लोकमा जीवन र मृत्युलाई कपडा जस्तै बताएका छन् । जस्तै मानिसले पुराना कपडा फालेर नयाँ कपडा लाउँछ, आत्माले पनि पुरानो शरीर छोडेर नयाँ शरीर धारण गर्छ । शरीर नाशवान् छ, तर आत्मा सधैं जीवित र अनन्त छ । मृत्यु केवल शरीरको परिवर्तन हो, आत्माको अन्त्य होइन । आत्मा शाश्वत सत्य हो, जसको कुनै अन्त्य छैन । त्यसैले जन्म र मृत्युबाट छुटकारा पाउन ज्ञान आवश्यक पर्छ र उक्त ज्ञानका लागि वैराग्य चाहिन्छ ।

**प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।**

**आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते** । (गीता.२.५५)

अर्थात्, जब मानिस आफ्नो मनमा आएका सम्पूर्ण कामनाहरू त्याग्छ र आत्मामा मात्रै तुष्ट हुन्छ, तब त्यो व्यक्तिलाई स्थितप्रज्ञ (स्थिर बुद्धि भएको) भनिन्छ । वैराग्य यहाँ स्थितप्रज्ञताको लागि आवश्यक योग्यता हो । वेदान्त दर्शनको महत्त्वपूर्ण स्रोतहरू मध्ये उपनिषदहरू प्रमुख हुन्, जसले आत्मा, ब्रह्म, मोक्ष, र वैराग्य जस्ता विषयहरूमा गहन ज्ञान प्रदान गर्छन् ।

**ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।**

**तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ।।** (ईशावास्योपनिषद्.१.१)

अर्थ : यस संसारको सम्पूर्ण वस्तुहरूमा ईश्वरको वास छ । त्यसैले तिनको त्याग गरी (वैराग्यपूर्वक) उपभोग गर । कसैको धनको लोभ नगर ।

**उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत ।**

**क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति ।।** (कठोपनिषद्.१.३.१४)

अर्थात्, उठ, जाग, र श्रेष्ठ ज्ञानको प्राप्ति गर । यो मार्ग तिखो धार भएको छुराको जस्तै कठिन छ, जसलाई महात्माहरूले दुर्गम पथ भनेका छन् । यस मार्गमा वैराग्यले विशेष महत्त्व राख्छ ।

**भिद्यते हृदयग्रन्थिः छिद्यन्ते सर्वसंशयाः ।**

**क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ।।** (मुण्डकोपनिष्द्..२.२.९)

अर्थात्, जब व्यक्ति परा (आध्यात्मिक) र अपरा (सांसारिक) ज्ञानको अनुभव गर्छ, तब उसको हृदयको गाँठो भाँचिन्छ, सम्पूर्ण संशयहरू समाप्त हुन्छन्, र सबै कर्म समाप्त हुन्छन् । वैराग्यले यस मार्गमा महत्त्वपूर्ण स्थान लिन्छ । यी श्लोकहरूले उपनिषद्मा वैराग्यको महत्त्व, संसारिकता त्याग्ने आवश्यकताको महिमा र आत्मज्ञानको गहिरो रहस्य उजागर गर्छन् ।

### सांख्य दर्शन

**दृष्टवानुश्रविकविषयवितृष्णास्य वशीकारसंज्ञा वैराग्यम्** । (साङ्ख्यकारिका, कारिका २३)अर्थात् देखिएका(दृष्ट) र सुनेका (अनुश्रविक) सबै विषयप्रति तृष्णा नभएको अवस्था नै वैराग्य हो । प्रकृति र पुरुषको विवेक ज्ञान भएपछि वैराग्य उत्पन्न हुन्छ । दुःखको मूल कारण प्रकृतिप्रतिको आसक्ति भएकाले वैराग्यद्वारा कैवल्य (मुक्ति) प्राप्त हुन्छ । **तत्त्वज्ञानान् निःश्रेयसम् ।** (साङ्ख्यसूत्र १।२६)अर्थात् तत्त्वज्ञान (पुरुष-प्रकृति विवेक) बाट नै परम कल्याण (मोक्ष) प्राप्त हुन्छ तर यो तत्त्वज्ञान वैराग्य बिना सम्भव हुँदैन । "न भोगाद् अमृतत्वम् । "(साङ्ख्यसूत्र १।२) अर्थात् भोगबाट अमरत्व (मोक्ष) प्राप्त हुँदैन । यस सूत्रले स्पष्ट गर्छ कि इन्द्रियसुखप्रति अनासक्ति (वैराग्य) आवश्यक छ ।

### योग दर्शन

**दृष्टानुश्रविकविषयवितृष्णस्य वशीकारसंज्ञा वैराग्यम् ।।** (योगसूत्र १.१५)अर्थात् दृष्ट (यस जन्ममा देखिने) तथा अनुश्रविक (श्रुति-स्मृतिबाट सुन्न पाइने, स्वर्गादि) विषयहरूप्रति तृष्णा (आसक्ति) नहुनु नै वैराग्य हो । योग दर्शनअनुसार

वैराग्य भनेको संसार त्याग्नु मात्र होइन। इन्द्रियजन्य सुख-दुःखप्रति आसक्तिरहित चेतना विकास गर्नु हो। अभ्यास (अभ्यास) र वैराग्य (वैराग्य) मिलेर नै चित्तवृत्तिनिरोध सम्भव हुन्छ। पतञ्जलिले योगको साधनामा वैराग्यलाई अत्यन्त अनिवार्य मानेका छन्।

**जैन दर्शनमा**

जैन दर्शनमा वैराग्यलाई संयम, अपरिग्रह र आत्मशुद्धिको आधार मानिन्छ। कर्मबन्धनको मूल कारण राग(आसक्ति) र द्वेष भएकाले तीबाट मुक्त हुन वैराग्य अनिवार्य ठानिन्छ। **रागद्वेषौ कर्मबन्धहेतू** (तत्त्वार्थसूत्र ८.१) अर्थात् राग र द्वेष नै कर्म बन्धनका कारण हुन्। त्यसैले यीबाट मुक्त हुनु नै वैराग्यको मूल लक्ष्य हो। जैन दर्शनमा वैराग्य भन्नु नै राग र द्वेषको त्याग हो। **परिग्गहं परिजाणे, लोभं पिच्छं विवज्जए** (उत्तराध्ययन सूत्र,जैन आगम) अर्थात्परिग्रह (सञ्चय) लाई चिन्नुपर्छ र लोभलाई त्याग्नुपर्छ। वैराग्य यहाँ अपरिग्रह (असञ्चय) को रूपमा प्रकट हुन्छ। **नत्थि मम, नत्थि मे, एसा सम्मं दंसणं**। (दशवैकालिक सूत्र) अर्थात् 'मेरो' भन्ने भाव छैन, 'मलाई चाहियो' भन्ने भावना छैन। यही नै सम्यक् दर्शन हो। जैन दर्शनमा वैराग्य भन्नु नै ममताको विसर्जन हो।

**बौद्ध दर्शन**

वैराग्यलाई तृष्णात्यागको रूपमा बुझिन्छ। दुःखको कारण तृष्णा भएकाले त्यसको निरोध नै निर्वाण हो। यहाँ वैराग्य करुणासहितको त्याग हो। बौद्ध दर्शनमा वैराग्य शब्दभन्दा बढी विराग, निब्बिदा र अनुपादान प्रयोग हुन्छ। दुःखको मूल कारण तृष्णा भएकाले त्यसको क्षय नै वैराग्यको सार हो।

**तण्हाया जायते सोको, तण्हाया जायते भयं।**

**तण्हाया विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं।।**

(धम्मपद, २१६) अर्थात् , तृष्णाबाट शोक उत्पन्न हुन्छ, तृष्णाबाट भय उत्पन्न हुन्छ। जो तृष्णाबाट मुक्त हुन्छ, उसलाई न शोक हुन्छ न भय। त्यही तृण्णाबाट मुक्त हुनु नै वैराग्य हो। **विरागा निरोधो, निरोधा उपसमो** (संयुक्त निकाय) अर्थात् विरागबाट निरोध (दुःखको अन्त) हुन्छ। निरोधबाट शान्ति प्राप्त हुन्छ। त्यसैले वैराग्य नै निर्वाणको द्वार हो।

**सेतो धरती उपन्यासमा वैराग्यचिन्तन**

वैराग्य भनेको रागको विपरीत अवस्था हो, जहाँ व्यक्तिमा कुनै वस्तु, व्यक्ति, वा परिस्थितिप्रति आसक्ति वा तीव्र चाहना समाप्त हुन्छ। यो मानसिक शान्तिको अवस्था हो, जहाँ व्यक्ति संसारिक मोह-माया र सुख-दुःखको प्रभावबाट मुक्त हुन्छ। भारतीय दर्शनमा विरागलाई आध्यात्मिक उन्नतिको महत्त्वपूर्ण साधन मानिन्छ, जहाँ इच्छाहरूको नियन्त्रण वा अन्त्यले व्यक्ति ज्ञान, शान्ति, र मुक्तिको मार्गतिर अग्रसर हुन्छ। वैराग्यले आत्म-साक्षात्कार र निर्वाणको प्राप्तिमा सहयोग पुर्याउँछ, जसले व्यक्ति संसारिक बन्धनहरूबाट मुक्त हुन्छ। सेतो धरती उपन्यासमा निम्नलिखित दृष्किोणबाट वैराग्यचिन्तन प्रस्तुत गरिएको छ।

**विषय वासनाप्रति अनासत्ति**

उपन्यासको 'जे भएपनि भगवान्, जहाँ गएपनि म' उपशीर्षकमा ताराले गङ्गा किनारमा बसेर गरेको चिन्तनमा विषय वासनाप्रति अनासत्ति भएको पाइन्छ। वेदान्त दर्शनमा **इहामुत्रफलभोगविरागः** (शंकराचार्य, तत्वबोधः) यस लोक र परलोकको फलभोग (वासनाप्रति अनासत्ति हुनु नै वैराग्यको लक्षणका रूपमा बताइएको छ। यसमा वैराग्यको प्राप्ति,

आत्मिक विकास, र मानसिक स्वास्थ्यलाई प्रोत्साहित गर्दछ। यो अभ्यासले व्यक्तिलाई जीवनका महत्त्वपूर्ण पक्षहरूमा ध्यान केन्द्रित गर्न, आत्मिक शान्ति र सन्तोष प्राप्त गर्न, र बाह्य वस्तुहरूको चाप र अस्थिरताबाट मुक्त हुन मद्दत गर्दछ। उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ :-

सधै सँगै कोही हुँदो रहेनछ। आमा पनि।

हाम्रो घरअगाडिका डाँडाहरू, घरपछाडिका हिमालहरू, फाँटहरू, खोल्साहरू, चौताराहरू जो मेरो मनमा मात्र छन्, उस्तै। तर, ती यहाँ छैनन्। मादी त्रिशूलीमा मिसिएर कहाँ हराइन् कहाँ चौतारो, ती आफन्त, छिमेकी कोही भेटिन्नन् यहाँ। (न्यैपाने २०६८, पृ.२८४)

माथिको अंशमा संसारिक वस्तुहरू र सम्बन्धहरूको क्षणिक स्वभावको गहिरो अनुभूति व्यक्त गरिएको छ। **नत्थि मम, नत्थि मे, एसा सम्मं दंसणं**। (दशवैकालिक सूत्र) जैन दर्शनमा व्यक्त 'मेरो' भन्ने भाव छैन, 'मलाई चाहियो' भन्ने भावना छैन, भन्ने ममत्व बुद्धिप्रति र वासनाप्रति उपन्यासका पात्र मुक्त छन्। उपन्यासको'सधै सँगै कोही हुँदैन' भन्ने वाक्यले समय र परिस्थिति अनुसार मानिसको जीवनमा परिवर्तनहरू अवश्यम्भावी छन् भन्ने कुरालाई उजागर गर्छ। डाँडाहरू, हिमालहरू, फाँटहरू, खोल्साहरू, चौताराहरू जस्ता प्राकृतिक दृश्य र आफन्त, छिमेकी जस्ता सम्बन्धहरू केही पनि स्थायी हुँदैनन्। यथार्थमा, ती सबै वस्तुहरू र सम्बन्धहरू समयको प्रवाहसँगै हराएर जान्छन्, जसरी मादी त्रिशूलीमा मिसिएर हराउँछ। आफ्नो मनमा मात्र ती वस्तुहरूलाई उस्तै देखिन्छन् किनभने भनेर, मानिसको स्मृतिमा ती वस्तुहरू सजीव रहन्छन् तर वास्तविकतामा ती सबै हराइसकेका हुन्छन् भन्ने तथ्यलाई प्रकट गर्छन्। जीवनको अस्थिरता र भौतिक वस्तुहरू तथा सम्बन्धहरूको क्षणभंगुरतालाई स्वीकार्नुपर्ने सत्यलाई दर्शाउँछ। यसको अर्थ, संसारिक वस्तुहरूमा अत्यधिक आसक्ति राख्नुको सट्टा, जीवनको वास्तविकताहरू र क्षणभंगुरतालाई बुझ्नुपर्छ। सबै वस्तुहरू र सम्बन्धहरू जुन एक समय निकै महत्त्वपूर्ण लाग्थे, समयसँगै हराएर जान्छन्, र मानिसले त्यसलाई स्वीकार्दै जीवनको यात्रा अगाडि बढाउनुपर्छ। मानव सम्बन्ध, प्रकृति र जीवनका भौतिक वस्तुहरू सबै अस्थायी छन्, र यी सबै हराउँछन् भन्ने कुरा व्याख्या गरिएको छ। यो संसारिक वस्तु , विषयहरू सबै अनित्य छन् , असत्य छन् भन्ने ठान्ने यस उपन्यासका पात्रमा विषय र वासनाप्रतिको आशक्ति हटेको छ। पतिले पहिले नै संसार छोडेर नगएको भए म देवघाट आउन पाउने थिइन। उनी स्वर्ग गएकै भएर म देवघाट आउन पाएको भन्ने यमुनाको वचनबाट उनको विषयप्रतिको अनासत्ति भावना स्पष्ट हुन्छ। (अझै उनी बाँचेका भए म मोहजालबाट उम्किन सक्ने थिइनँ। डुबिरहने थिएँ मोहको कुवामा भ्यागुतोँ। ठीकै भयो उनी स्वर्ग गएर मलाई तीर्थ पठाए। उनैले पठाएकोजस्तो त भयो। किनभने, उनी बाँचेका भए म देवस्थलीमा आउन पाउने थिइनँ। हेर तारा! अलिअलि वैराग्य त मभित्र मैले नै थाहा नपाउने गरी जमेर बसेको रहेछ उहिल्यै देखि मेरो मनको समुद्रको पिँधमा। ) पृ. २९६

**त्याग र समर्पणको प्रवृत्ति**

पूर्वीय दर्शनमा त्याग (वैराग्य/संन्यास) लाई आत्मिक उन्नति, मोक्ष र सत्यबोधतर्फ पुग्ने अनिवार्य साधनका रूपमा लिइन्छ। उपनिषद् अनुसार संसारिक आसक्ति त्यागेर ब्रह्मज्ञान प्राप्त गर्नु नै परम लक्ष्य हो। "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम्। "ईशोपनिषद् (मन्त्र १) अर्थात् त्यागभावले उपभोग गर; कसैको धनप्रति लोभ नगर। उपन्यासमा ' भगवानसँग रिस'को उपशीर्षकमा यमुनाको मनोभावमा संसारिक मोहको त्याग र आत्मसंयमको चिन्तन देखिन्छ। त्याग र संयमको भनेको यस्तो स्थिति हो जब व्यक्ति संसारिक वस्तुहरू, सम्पत्ति, र सम्बन्धहरूको अस्थिरता र असारत्वलाई स्वीकार गर्छ र ती वस्तुहरूप्रति अनावश्यक भावनात्मक संलग्नता घटाउँछ। यसले गर्दा व्यक्ति आन्तरिक शान्ति र आत्म-सन्तोषको अनुभव गर्न सक्षम हुन्छ। यस प्रक्रियाले व्यक्ति विश्वसनीयता र स्थायीत्वको खोजी गर्नुको सट्टा आन्तरिक सन्तोष र शान्तिमा ध्यान केन्द्रित गर्न अनुमति दिन्छ। यस्तै, व्यक्ति जीवनका चुनौतीहरूलाई एक नयाँ दृष्टिकोणबाट हेर्न र मानसिक शान्ति प्राप्त

गर्न सहयोग पुऱ्याउँछ। 'सेतो धरती' उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ -

> ओहो। म त फलामको जन्जिरभित्र परेछु। यो तोडेर बाहिर जानुपर्छ। छोराछोरी अब हुर्किइसकेका छन्। नातिनातिना छोराछोरीले हुर्काइहाल्छन्। अब म यहाँ टाँसिएर बस्नुहुँदैन। अलग हुनुपर्छ। पानीमा तेल झै तटस्थ हुनुपर्छ भन्ने लाग्यो। संसार केही हुँदै होइन रहेछ। छोराछोरी, नातिनातिना, आफन्त कोही आफ्ना रहेनछन्। नत्र ती किन दुई दिन मात्र आफन्त हुन्छन् त ? किन छुटेर जान्छन् त ? जसरी छुटेर गए मेरा पति। आफू पनि कसैको होइन। हुँदै होइन। नत्र किन आफै पनि छुटेर गइन्छ अरूबाट। र, अन्तिममा आफैबाट ? यही भावमा डुबे। उत्रिनै नसक्ने गरी डुबे। ........(पृ.२९८)

यो अंशमा यमुनाले जीवनका बिभिन्न पक्षहरूको निरर्थकता र अप्रियता अनुभव गर्दै आत्मविश्लेषण गरिरहेकी छिन्। यिनका अनुसार, घर, परिवार, सम्पत्ति, र सम्पूर्ण संसार एक अस्थायी र परिवर्तनशील वास्तविकता जस्तो देखिन्छ। छोराछोरी, नातिनातिना, र सम्पत्ति जुन समयसँगै परिवर्तनशील र अस्थायी हुन्छन्, यी सबैको प्रेम र ममता पनि अस्थायी हुन्छन्। यमुनाले आफ्ना भावनात्मक र मनोवैज्ञानिक स्थिति व्यक्त गर्दै, जीवनको भौतिक पक्ष र सम्पत्ति पछि छुट्टिने, परिवर्तनशीलता र अन्तिम रूपमा मृत्युको अनिवार्यता स्वीकार गर्दै एक निष्कर्षमा पुगेकिछिन्। उनी भगवत् गीताको वासासिं जीर्णानि यथा विहाय... को ब्रह्ममय चिन्तनमा पुगीसकेकी छिन्। मोह त्याग नै वैराग्य प्राप्तिको प्रथम सोपान हो। उपनिषद् अनुसार बन्धनको मुख्य कारण नै ममत्व बुद्धिको त्याग गर्न नसक्नु हो।

**अहं ब्रह्मेति नियतं मोक्षहेतुर्महात्मनाम्।**
**द्वे पदे बन्धमोक्षाय निर्ममेति ममेति च।**
**ममेति बध्यते जन्तुर्निर्ममेति विमुच्यते।।** ( महोपनिषद् ४/७२ )

यहाँ मोह र बन्धनलाई यसरी व्याख्या गर्न सकिन्छ ः-

क) मोहः यमुनाले जीवनका भौतिक र पारिवारिक कुरामा मोह राख्ने देखिन्छिन्, तर एक बिन्दुमा पुगेर ती सबै कुरा अस्थायी र परिवर्तनीय लाग्छन्। यो मोह पछि, उनको संवेदनशीलता र आत्मीयता नष्ट हुन्छ र त्यस्तो मोहले तिनलाई आफ्नो अस्तित्वमा असंतुष्ट बनाउँछ।

ख) बन्धनः छोराछोरी र नातिनातिनासँगको ममता यमुनामाथि सँगै छ, तर समयसँगै यो ममता पनि निस्तेज र परिवर्तनीय देखिन्छ। यमुनाले सन्तान र सम्पत्ति माथि ममता राख्नुको साथै, जीवनको भौतिक पक्षसँगको असंतुष्टता र यसको अस्थायीपन स्वीकृति दिएकी छन्।

अन्ततः, यमुनाको दृष्टिकोणले जीवनको अनिश्चितता र परिवर्तनीयता स्वीकार्दै आत्मविश्लेषण र समर्पणको स्थिति ल्याउँछ। यो भावनात्मक यात्राले यमुनालाई आफू र संसारका बारेमा गहिरो सोचमा पुर्याएको छ र पारिवारिक बन्धन र मोहबाट टाढा राखेको प्रसङ्गले उपन्यासमा वैराग्य प्रस्तुत गरिएको छ।

**आत्मचिन्तन र मोक्षको कामना**

उपन्यासको 'टाढाका पाहुना' उपशीर्षकमा यमुना र ताराको संवादमा यमुनाले आफूलाई सामाजिक र भौतिक इच्छाहरूबाट टाढा राखी मुक्तिको भावना व्यक्त भएको पाइन्छ। यो मुक्ति व्यक्ति आफ्नो आत्मा र परमात्मामा केन्द्रित हुँदै, सांसारिक लालसा र प्रतिस्पर्धाबाट टाढा रहँदा प्राप्त हुन्छ। ध्यान, वैराग्य, र आत्मचिन्तनले यस अवस्थालाई सुदृढ पार्छ, जसले व्यक्तिलाई सत्य र शाश्वत सुखको अनुभूति दिलाउँछ। उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ ः-

> पति बाँचिरहेका भए अहिले ती पचहत्तर वर्षका हुन्थे। तिनलाई छोडेर तीर्थ आउन सक्थिनँ। भगवान्ले कृपा गरेर बेलैमा बन्धन तोडिदिए र यो पुण्यभूमिमा आउन पाएँ। संसारमुखीबाट परमात्मामुखी हुन पाएकी छु। (पृ.२९५)

यस उद्धरणमा यमुनाले आफ्ना पतिको मृत्युको सन्दर्भमा बोल्दै छिन् । उनी के भन्छिन् भने पति अझै जीवित हुन्थे भने, उनी अहिले ७५ वर्षका हुन्थे र उनलाई छोडेर तीर्थ आउन सक्थिनँ । यसबाट उनी के संकेत गर्छिन् भने पतिसँगको बन्धनले उनलाई संसारिक जीवनमा बाँधेको थियो, जसले गर्दा उनले आध्यात्मिक मार्गमा अगाडि बढ्न पाइनन् । उनले भगवान्प्रति आभार प्रकट गर्दै भनेकी छिन् कि "बेलैमा बन्धन तोडिदिए" अर्थात् पतिको मृत्युले उनलाई संसारिक बन्धनबाट मुक्त गरिदियो । पतिको मृत्युको माध्यमबाट उनले भौतिक र सामाजिक बन्धनहरूबाट मुक्ति पाएको अनुभव गरेकी छन् । अब उनी "संसारमुखी" अर्थात् संसारसँग सम्बन्धित इच्छाहरू र अपेक्षाहरूबाट टाढा हुँदै "परमात्मामुखी" अर्थात् ईश्वरप्रति केन्द्रित जीवन बिताउन थालेकी छन् । वैरात्य प्राप्त गर्न मानिसले जीवनमा भौतिक वस्तुहरू, सामाजिक मान्यता र सम्बन्धहरूमा आफूलाई बाँधेर नराखी यी सबै बन्धनहरूबाट मुक्त भई परमात्मासँग एकाकार हुने प्रयास गर्नु पर्छ । यसले जीवनमा सच्चा शान्ति र आनन्द प्राप्त गर्न मद्दत पुऱ्याउँछ । भौतिक संसारको मोहले मानिसलाई आध्यात्मिक उचाइमा पुग्न बाधा पुऱ्याउँछ, र यसबाट मुक्ति पाउँदा मात्र मानिस वास्तविक अर्थमा स्वतन्त्र हुन सक्छ भन्ने वैराग्य चिन्तन यस उपन्यासकी पात्र यमुनामा प्राप्त गर्न सकिन्छ ।

**पारिवारिक बन्धनमाथि नियन्त्रण**

वैराग्यका लागि बन्धनमाथि  नियन्त्रण गर्नु महत्त्वपूर्ण हुन्छ । उपन्यासमा 'भगवान्सँग रिस'को उपशीर्षकमा यमुना र ताराको संवादमा यमुनामा शरीर र मनको नियन्त्रण प्रष्ट देख्न सकिन्छ । ध्यान, योग, र आत्मचिन्तनजस्ता अभ्यासहरू मार्फत यो नियन्त्रण अझ सुदृढ हुन्छ । उपन्यासमा आत्मनियन्त्रणलाई यसरी प्रस्तुत गरिएको छ :-

> छोराछोरीहरूले रूँदै मेरो बाटो छेके । तर, तिनका आँसुले मलाई छुँदै छोएन । ती सब पानी जस्ता लागे । ठूलो छोराले जुक्ति लगायो । नातिनातिनाले बाटो छेके त सानासाना नानीहरूलाई पन्छाएर, रूवाएर जान सक्तिनन् आमा भनेर ती सानासाना नातिनातिनालाई मेरा अगाडि ल्याएर राखिदियो तर मलाई ती नातिनातिनाले पनि रोक्न सकेनन् । (पृ.२९९)

प्रस्तुत अंशमा, यमुनाले आफ्नो अडान र दृढ निश्चयलाई व्यक्त गर्छिन् । छोराछोरी र नातिनातिनाहरूले उनको भावनालाई प्रभावित गर्न खोज्छन्, तिनले रूँदै र मार्ग अवरुद्ध गरेर आफ्नो प्रेम, अनुराग, वा कुनै भावनात्मक सम्बन्धलाई देखाउन खोज्छन् तर यमुनाको मन र शरीर यति दृढ छ कि तिनको आँसु र आग्रह उनको निर्णयमा कुनै असर पार्दैन । उनले मायाबाट आफूलाई नियन्त्रण राख्ने जस्ता प्रवृत्ति उनमा वैराग्य रहेको संकेत पाइन्छ । यद्यपि बाह्य रूपमा प्रेम, स्नेह, वा माया देखाउन प्रयास गरिन्छ, यमुना आफ्नो लक्ष्यमा दृढ भएर उभिएकि छिन् । उनको शरीर र मनमा कुनै प्रकारको भावनात्मक उतारचढाव हुँदैन । यमुनाले नातिनातिनाहरूको भावना बुझ्दछिन्, तर उनले आफ्नो निर्णय र मार्गलाई कुनै पनि प्रकारले बदल्न दिन्नन् । यो अंशले देखाउँछ कि कसरी एक व्यक्तिले आफ्नो मन र शरीरको नियन्त्रण गर्न सक्छ, विशेष गरी जब आफ्नो लक्ष्यप्रति उसको प्रतिबद्धता गहिरो हुन्छ । अर्थात्, यो मानसिक अवस्था हो जहाँ कुनै पनि बाह्य प्रभावले उनको निर्णयलाई परिवर्तन गर्न सक्दैन । यो नियन्त्रणको स्थिति नै उनको शक्ति हो, जसले उनलाई आफ्नो निर्णयमा दृढ बनाइराख्छ :-

> आँगन कटेर बाटोमा पुग्दा ठूला नातिले पिँढीको डिलबाट रुँदै भनेको सुनें- "ए भगमान् । हाम्री आमालाई तिम्रोमा नराख है । छिट्टै फर्काइदेऊ तर मलाई भगवान्ले फर्काएनन् । सायद सबै जना भगवान्सँग पनि रिसाए होलान् । (पृ.३०१)

उक्त अंशमा पनि पारिवारिक बन्धन र मायामाथि नियन्त्रण देखिन्छ अतः उक्त मायाशक्तिमाथिको नियन्त्रण नै वैराग्यको  मूल आधार हो ।

**परमात्मासँग एकाकारित सम्बन्ध**

अन्तरात्मा र परमात्मासँगको सम्बन्ध नभए मोक्ष प्राप्ति सम्भव छैन । उपन्यासमा मोड र मोक्षको उपशीर्षकमा पवित्राले आफ्नो विगत तारालाई सुनाउँदै गर्दा उक्त भाव व्यक्त भएको पाइन्छ । अन्तरात्मा र परमात्माको सम्बन्ध भनेको आत्मा परमात्माको अंश हो, र आत्मज्ञान मार्फत आत्मा परमात्मासँग एकाकार हुन सक्छ भन्ने आध्यात्मिक मान्यता हो । उपन्यासमा अन्तर आत्मा र परमात्मासँगको सम्बन्ध यसरी प्रस्तुत गरिएको छ :-

मैले यसरी जीवनलाई भोग्न नपाएको भए, यसरी तृप्त हुन नपाएको भए, मोक्ष प्राप्त गर्ने थिइनँ । (पृ.३५८)

यो उद्धरणले जीवनको अनुभव र तृप्तिलाई मोक्ष प्राप्तिको एक आवश्यक प्रक्रिया भनेर देखाउँछ । यहाँ 'जीवनलाई भोग्न' भन्नाले व्यक्ति आफ्ना अनुभव, सुख-दुख, र अनुभूतिहरूलाई पूर्णतया स्वीकार गरेर जीउनु भन्ने जनाइन्छ । यसरी जीवनको सम्पूर्णता बुझ्न र अनुभव गर्नाले व्यक्तिलाई आत्मिक रूपमा सन्तुलित र परिपक्व बनाउँछ । जब व्यक्तिले जीवनका विभिन्न अनुभवहरूलाई पूरा गर्न र तृप्त हुन सक्छ, तब उनी परमात्मा वा उच्च चेतनासँगको गहिरो सम्बन्ध स्थापित गर्न सक्षम हुन्छ । यस अर्थमा, जीवनको अनुभव र तृप्ति आत्मा र परमात्माबीचको सम्बन्धलाई स्पष्ट पार्न मद्दत गर्दछ । यसरी, जीवनको वास्तविकता, आत्मा र परमात्माको सम्बन्धलाई बुझ्न र अनुभव गर्न पाउँदा मोक्ष प्राप्ति सम्भव हुन्छ । जब व्यक्तिले जीवनका सबै पाटोहरूलाई आत्मसात् गर्छ र तिनीहरूको सम्पूर्णता बुझ्न प्रयास गर्छ, तब उ आफ्नो आन्तरिक अनुभवलाई बुझ्न र गहिरो तृप्ति प्राप्त गर्न सक्षम हुन्छ । यो प्रक्रिया आत्मा र परमात्माबीचको सम्बन्धलाई स्पष्ट पार्न महत्त्वपूर्ण छ । यो सम्बन्ध आत्मा र परमात्माको एकता र अन्तरदृष्टि प्राप्त गर्ने मार्ग हो । यो नै वैराग्य भाव हो ।

**वास्तविक सत्यको खोजी**

वास्तविक सत्यको खोजी विना मोक्ष अथवा तत्त्वज्ञानको असम्भव देखिन्छ । 'भगवान्सँग रिसको' उपशीर्षकमा यमुनाले तारालाई आफ्नो विगत सुनाउँदै गर्दा वास्तविक सत्यलाई उजागर गरिएको देखिन्छ । पाठ्यांशबाट हेर्दा :-

आफू पनि कसैको होइन । हुँदै होइन । नत्र किन आफै पनि छुटेर गइन्छ अरूबाट । र, अन्तिममा आफैबाट ? यही भावमा डुबें । उत्रिनै नसक्ने गरी डुबें । (पृ.२९८)

प्रस्तुत अंशमा पात्र यमुनाको माध्यमबाट वास्तविक सत्यको उजागर गरिएको छ । यसमा उनी जीवनको अस्थायीता र सम्बन्धहरूको भंगुरतालाई मुख्य बिन्दुमा राख्छिन् । विचारले मानव जीवनको नश्वरता र एक्लोपनको अनुभूतिलाई चित्रण गर्दछ, जसले गर्दा पाठकलाई जीवनको सार्थकता र उद्देश्यबारे गहिरो सोच्न बाध्य बनाउँछ । जीवनमा हामीले अनेकौं सम्बन्धहरू बनाउँछौं, तर ती सम्बन्धहरू स्थायी हुँदैनन् । यो भावमा, यमुनाले मानिसको जीवनलाई एउटा नदीको रूपमा चित्रण गरेकी छिन्, जहाँ हरेक मोडमा हामी कसैसँग जोडिन्छौं र केही समय पछि छुट्टिन्छौं । जीवनको अन्त्यमा हामी केवल एक्लै रहन्छौं, र यो एक्लोपन नै जीवनको कठोर सत्य हो । यमुनाले यस विचारमा गहिरो आत्मनिरीक्षणको माध्यमबाट हामीलाई यो सन्देश दिन खोजेकी  छिन् कि सम्बन्धहरू, चाहे जति नै घनिष्ठ किन नहोस्, अन्ततः अस्थायी हुन्छन् । हामीले जसलाई आफ्नो ठान्छौं, जसलाई जीवनभर साथ दिन्छौं भन्ने विश्वास गर्छौं, त्यो सबै क्षणिक मात्र हो । समयको प्रवाहसँगै हामी उनीहरूसँग छुट्टिन बाध्य हुन्छौं । जीवनको अन्तिम सत्य भनेको हाम्रो आफ्नै अस्तित्वबाट छुट्टिने अवस्था हो, जसलाई मृत्यु भनिन्छ । यो विचारले पाठकलाई जीवनको नश्वरता र एक्लोपनको सत्यलाई स्वीकार्न र त्यसको सामना गर्न तयार रहन प्रेरित गर्दछ ।

**नैतिक जिम्मेवारी र आत्मसंयम**

'समयको गति र मनको खेल' उपशीर्षकमा ताराले व्यक्त गरेको मनोभावमा नैतिकता देखिन्छ । नैतिकता भनेको

मानिसको सही र गलतको भिन्नता बुझ्न र त्यसअनुसार आचरण गर्ने गुण हो। यसले व्यक्तिको व्यवहारलाई मार्गदर्शन गर्दछ र समाजमा सुसंस्कृत, इमानदार, र जिम्मेवार बन्न प्रेरित गर्दछ। नैतिकता समाजको समृद्धि र शान्तिका लागि आवश्यक आधार हो। उपन्यासमा पनि नैतिकताको अवस्था देखिन्छ। जस्तै :-

> जीवनभरि सधैं मुडिइरहें। अविराम भगवान्को नाम जप गरिरहें। कहिल्यै कुनै एक पुरूष रोजेर घरजम गर्ने आँट गर्न सकिनँ। यत्रो हिमालजत्रो गहुङ्गो संस्कार र लामो परम्परा तोडेर त्यसो गर्न सकिनँ। त्यस्तो परिस्थिति पनि आएन। (पृ.३६१)

उपर्युक्त उद्धरणमा लेखकले समाजमा विद्यमान गहिरो सांस्कृतिक र परम्परागत बाध्यताहरूको चर्चा गरेका छन्। विशेष गरी महिला पात्र ताराले आफ्नो जीवनभरि भगवानको नाम जपेर, एकल जीवन बिताउने निर्णयलाई केन्द्रमा राख्दै, समाजले निर्माण गरेको नैतिकता र परम्पराहरूको भारलाई चित्रण गरिएको छ।

नैतिकताको दृष्टिकोणबाट हेर्दा, यस उद्धरणमा दुईवटा मुख्य पक्ष देख्न सकिन्छ :

क) नैतिक जिम्मेवारी र परम्परा पालन : उपन्यासमा ताराले आफ्नो व्यक्तिगत इच्छालाई दबाएर, समाजले निर्धारित गरेको परम्परागत भूमिका निभाउनुपर्ने बाध्यताको सामना गरेकी छिन्। समाजमा स्थापित संस्कार र परम्पराले नैतिकताको नाममा महिलाहरूलाई एक निश्चित सीमाभित्र बाँधेर राख्ने प्रयास गर्छ। यस्तो अवस्थामा, समाजको नैतिकता महिलाको व्यक्तिगत स्वतन्त्रता र इच्छाप्रति संवेदनशील हुँदैन।

ख) आत्मसंयम र आत्मत्याग : पात्र ताराले आफ्नो व्यक्तिगत जीवनलाई समाजको व्यापक हितका लागि बलिदान गर्ने निर्णय गरेकी छिन्। उनले जीवनभरि भगवानको नाम जप्दै, आत्मसंयमको उदाहरण प्रस्तुत गरेकी छिन्। यो नैतिकताको अर्को पाटो हो, जहाँ व्यक्तिगत सुखसयलभन्दा समाजिक दायित्वलाई प्राथमिकता दिने आदर्श देख्न सकिन्छ।

सारमा, यस उद्धरणले परम्परा र नैतिकताले कसरी एक व्यक्तिको जीवनलाई ढाँचाबद्ध गर्न सक्छ भन्ने देखाउँछ। ताराले नैतिकता पालन गर्दै परम्परागत संस्कारहरूको सम्मान गरेकी छिन्। अतः यस अंशमा सत्य र नैतिकताको आधारमा विराग भाव प्रस्तुत भएको छ।

**संसारको क्षणभङ्गुरताको बोध**

संसारिक पदार्थको अस्थिरता नबुझेसम्म सत्यता स्थिरता आनन्द बुझ्न सकिन्न। 'मोड र मोक्ष' उपशीर्षकमा पवित्राले तारालाई आफ्नो विगत सुनाउने अवस्थामा संसार एक भोगहरूको अस्थिरता हो भन्ने भाव व्यक्त भएको देखिन्छ। उक्त भावलाई पाठ्यांशमा यसरी प्रस्तुत गरिएको छ। जस्तै :-

> अहिले म जीवनसँग सन्तुष्ट छु। अहिले आफू रित्तो छु। उमेरले दिएर आफूसँग भएका सबै कुरालाई रित्याएँ। रित्याएँ पनि के भनूँ, रित्तियो। भोगेर रित्तियो। त्यसैले म तृप्त छु। मेरो मन सेतो कागज जस्तो भएको छ अहिले। काम, क्रोध, लोभ, मोह केहीले पनि हुँदैन। लाग्छ, यही नै मेरो मोक्ष हो। (पृ.३५८)

उपन्यासमा पवित्राको अनुभवलाई आधार बनाएर व्याख्या गर्दा, हामीले उनको जीवनको गहिरो अन्तरदृष्टि पाउन सक्छौं। पवित्रा एक त्यस्तो पात्र हुन् जसले आफ्नो जीवनभर संसारिक सुख-सुविधा, सम्पत्ति, र भोगहरूको अनुभव गरेकी छन्। उनले जीवनका हरेक चरणमा इच्छा, आकांक्षा, र मोहलाई प्राथमिकता दिएकी थिइन्। उमेरको साथमा, यी सबै भोगहरू उनको लागि केवल एक अस्थायी र क्षणिक सन्तुष्टि मात्र बने। कालान्तरमा पवित्रा उमेरले परिपक्व भइसकेकी छिन्। उनले आफ्नो जीवनका सबै महत्त्वपूर्ण अनुभवहरू भोगिसकेकी छन्, र अहिले उनी आफूलाई खाली महसुस गरिरहेकी छन्। यो खालीपन भनेको कुनै प्रकारको नकारात्मकता होइन, बरु एक प्रकारको तृप्ति हो, जुन संसारिक मोहबाट मुक्त भएको संकेत हो। पवित्रा भन्छिन्, "अहिले म जीवनसँग सन्तुष्ट छु। अहिले आफू रित्तो छु। उमेरले दिएर आफूसँग भएका सबै कुरालाई

रित्याएँ । " यसबाट उनले संसारिक भोगहरूलाई पुरा रूपमा अनुभव गरेको र अहिले तिनको मोहबाट मुक्त भएको देखाउँछ। उनको "रित्तोपन" वास्तवमा एक गहिरो मानसिक स्थिति हो, जहाँ उनको मन सेतो कागज जस्तो भएको छ। सेतो कागजले शुद्धता र नवीनताको संकेत गर्छ, जहाँ कुनै प्रकारको आशक्ति, क्रोध, लोभ, मोहले स्थान पाउन सक्दैन। पवित्रा अहिले एक यस्तो अवस्थामा पुगेकी छन्, जहाँ बाह्य संसारका कुनै पनि कुराले उनको मानसिक शान्तिलाई प्रभावित गर्न सक्दैन । यो शान्ति नै उनको लागि मोक्षको स्थिति हो। पवित्राको अनुभवले संसारिक भोगहरूको अस्थिरतालाई स्पष्ट रूपमा देखाउँछ। संसारिक सुख-सुविधाहरू प्रारम्भमा आकर्षक र मनोहर लाग्छन्, तर तिनीहरूको प्रकृति अस्थायी हुन्छ। ती भोगहरू समाप्त भएपछि मात्र मानिसले वास्तविक तृप्तिको अनुभव गर्न सक्छ। पवित्राले पनि यही कुरा अनुभूत गरेकी छिन्। उनी अहिले संसारिक मोहबाट मुक्त भएर वास्तविक शान्ति र तृप्तिको अवस्थामा पुगेकी छन् । यही तृप्ति र शान्ति नै मोक्षको संकेत हो, जहाँ संसारिक भोगहरूको अस्थिरता स्पष्ट रूपमा प्रकट हुन्छ। यसरीपवित्राको जीवनले हामीलाई संसारिक भोगहरूको अस्थिरता, तिनको क्षणिक प्रकृति, र तिनबाट मुक्त भएपछि प्राप्त हुने वास्तविक तृप्तिको बारेमा गहिरो सन्देश दिन्छ। यो नै यस अंशमा प्रयुक्त वैराग्य  हो।

**निष्कर्ष**

*सेतो धरती* (२०६८)उपन्यासकार अमर न्यौपानेको दोस्रो उपन्यास हो । यो उपन्यास नेपाली समाजमा विशेष गरी पहाडी ग्रामीण परिवेशका महिलाहरूको जीवन, बालविवाह, विधवा जीवन, सामाजिक विभेद, गरिबी र पितृसत्तात्मक संस्कारको मार्मिक चित्रण गर्ने कृति हो। उपन्यासको मुख्य केन्द्र पात्र तारा हो, जसले सानै उमेरमा विवाह हुन्छ। त्यसपछि विधवा जीवन, सामाजिक बन्धन र पीडाको सामना गर्छिन्। "सेतो धरती" शीर्षकले नै विधवाले लगाउने सेतो वस्त्र तथा उनीहरूको नीरस, पीडादायी जीवनलाई प्रतीकात्मक रूपमा देखाउँछ। सेतो धरतीमा गहिरो रूपमा जीवन दर्शन पाइन्छ। यो केवल सामाजिक यथार्थ चित्रण गर्ने उपन्यास मात्र होइन, मानव जीवनका पीडा, संघर्ष, आशा, वैराग्य, सहनशीलता र अस्तित्वसम्बन्धी प्रश्नलाई पनि प्रस्तुत गर्ने दार्शनिक कृति हो। सामाजिक पीडा र निराशाले पात्रहरूमा संसारप्रति विरक्ति देखिन्छ। विशेषतः विधवा जीवनको बन्धनले सांसारिक इच्छामाथि नियन्त्रण र त्यागको भावना विकास गरेको देखिन्छ। हिन्दू दर्शनमा पाइने त्याग, संयम र वैराग्यको प्रभाव पनि देखिन्छ। विधवा जीवनमा सेतो वस्त्र, इच्छादमन, सामाजिक संयम आदिले वैराग्यमूलक संस्कारलाई संकेत गर्छ। सांसारिक सुखबाट टाढा रहन बाध्य पात्रहरूमा विरक्ति चेतना विकसित भएको देखिन्छ। सेतो धरतीमा प्रत्यक्ष रूपमा वेदान्त दर्शनको व्याख्या नभए पनि यसको भावभूमिमा वेदान्त दर्शन का केही तत्त्वहरूको प्रभाव देख्न सकिन्छ। विशेषतः वैराग्य, संसारको नश्वरता, दुःखबोध र आत्मिक सहनशीलतामा वेदान्तीय चेतनाको झल्को पाइन्छ। संसारको नश्वरता, वैराग्य चेतना,माया र मोहको अनुभूति,सहनशीलता र आत्मसंयम जस्ता प्रश्नहरूले दार्शनिक चेतना उत्पन्न गर्छन्। सेतो धरती मा वेदान्त दर्शनको प्रत्यक्ष सैद्धान्तिक प्रस्तुति नभए पनि यसको जीवनबोध, वैराग्य, नश्वरता र मोह-त्यागसम्बन्धी चेतनामा वेदान्तीय प्रभावको उपस्थिति रहेको छ। पूर्वीय दर्शन पुरूषार्थ प्रधान, दुःखबाट मुक्तिको खोजी, आशावाद र निराशावाद, नैतिकता, सत्य र अविनासी सत्तावादी, अपूर्ववादी, अदृश्य वा निरञ्जन-निराकारवादी, कर्मवादी, योगवादी, ज्ञानवादी, तत्वज्ञानवादी, मोक्षवादी, पुनर्जन्म, व्यवहारिकता, अज्ञान बन्धनको मूल कारण, ज्ञानको महत्त्व, अनवरत चिन्तन, अभ्यास र योगलाई महत्त्व दिने, संसारलाई एक रंगमञ्चको रूपमा लिने, आत्मसंयम, कर्म र दर्शनको समन्वयवादी, प्रमाण-विज्ञान, जगतविचार, भूतप्रतिको दृष्टिकोण,  आदि विचारप्रधान तथा विशेषता भएको दर्शन हो। यस उपन्यासका पात्रहरू संसारिक वस्तुहरूप्रति कम ध्यान दिएका छन्। उनीहरूको प्रवृत्ति आत्मिक शान्ति र सन्तोष, मोह र ममता कम, साधना र ध्यानमा लगाव, सामाजिक र भौतिक इच्छाहरूबाट मुक्ति, संसारिक चिन्ता र तनावबाट मुक्ति, शरीर र मनको नियन्त्रण, अन्तरात्मा र परमात्मासँगको सम्बन्ध, सत्य र नैतिकताको पालन,

संसारिक भोगहरूको अस्थिरता आदि रहेका छन् । यिनै प्रवृत्तिका आधारमा सेतो धरती उपन्यासमा  वैराग्य चिन्तन प्रस्तुत गरिएको छ ।

**सन्दर्भग्रन्थसूची**


अधिकारी, केशवप्रसाद (२०७३), *सेतो धरती ः सामाजिक यथार्थको प्रतिविम्बझ समालोचना,* वार्षिक साहित्यिक जर्नल ।

उपाध्याय बलदेव (२०१६), *भारतीय दर्शन की रूपरेखा,* मोतीलाल वनारसीदास ।

कुमार, सुरेन्द्र, (सन् २००८), *मनुस्मृति,* आर्ष साहित्य प्रचार ट्रस्ट ।

ढकाल, घनश्याम (२०७१), *सेतो धरती उपन्यासमा नारी जीवनको यथार्थ* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

न्यौपाने, अमर (२०६८), *सेतो धरती,* फाइनप्रिन्ट ।

न्यौपाने, शोभा (२०७२), *सेतो धरती उपन्यासमा नारीवादी चेतना, प्रज्ञा* साहित्यिक पत्रिका, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाणिनि (सन् २०२३),*अष्टाध्यायी,* सुरभारती प्रकाशन ।

मिश्र, उमेश (सन् २०१४), भारतीय दर्शन, उत्तर प्रदेश हिन्दी संस्थान ।

कण्डेल, योगराज (२०७८*),दर्शनावली-८,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

वेदव्यास (२०७९), श्रीमद्‌भागवद्‌गीता, दूई सय चौबीस पुनर्मुद्रण, २०७८ गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२१), *ईशावास्योपनिषद्,* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२३), *ऐतरेयोपनिषद्* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२०), *कठोपनिषद्* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२३), *छान्दोग्योपनिषद्,* नवमः संस्करण, गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२१), *मण्डुकोपनिषद्* गीताप्रेस ।

शर्मा, उमाशङ्कर, (२०१४), सर्वदर्शनसङ्गह, चौखम्बा सुरभारती प्रकाशन ।

शर्मा, कृष्णादेवी (२०७०), समकालीन साहित्य प्रतिष्ठान ।

शर्मा, चन्द्रधर (१९९०), भारतीय दर्शन, मोतीलाल वनारसीदास ।